# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मितिः २०७३।०४।२८ गते

# प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको ।

---

शंकर निम्न माध्यमिक विद्यालय, शंकरपुर, कंचनपुरकी अस्थायी शिक्षिका रामजानकी देबी बडायकले प्राथमिक तहको अस्थायी शिक्षक पदमा २०५५/१२/०१ मा नियुक्त हुनको लागि बिहार विद्यालय परिक्षा समिति, पटना अन्तर्गतको श्री केशवर उच्च विद्यालय, कालिकापुरबाट राम जानकी कुमारी रानाले SLC सरहको परीक्षा उत्तिर्ण गरेको भनिएको झुठ्ठा शैक्षिक योग्यताका प्रमाणपत्रहरु पेश गरेको र ओहदा, लाभ, सुविधा समेत लिएको पुष्टी हुन आई निज रामजानकी कुमारी राना भन्ने रामजानकी देबी बडायकले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसुर गरेको देखिन आएको हुंदा निज रामजानकी कुमारी राना भन्ने रामजानकी देबी बडायकलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा दफा २९ (२) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(कृष्णहरि पुष्कर)
सहसचिव एवं प्रवक्ता